# ६ उजाड स्थान अर्थात वनमा विजय

<u>*यस अध्यायका मूल पदहरू:*</u> मत्ती १:२०-२३, यूहन्ना ९:३९, मत्ती ३:७-१२, मत्ती ४:१-१०, व्यवस्था ३४:१-४, प्रकाश २१:१०।

<u>*यस अध्यायको मूल सार पद:*</u> "मानिसको पुत्रको आउनुको कारण नै हराएकाहरूलाई खोजी गर्न र उद्धार गर्नको निम्ति हो।" (लूका १९:१० रूपान्तरित)।

"आफ्नो र स्त्रीको बिरुद्धमा र उसको सन्तान र उनको सन्तानको बीचमा घोर शत्रुता जारी रहनेछ भनेर शैतानलाई राम्रैसँग थाहा थियो। उसलाई यो पनि थाहा थियो कि पतित मानिसहरूलाई अत्यधिक मात्रामा दुष्ट बनाउने काममा हस्तक्षेप हुनेछ।...तर जब मुक्तिको योजनालाई पूर्ण रूपमा खुलासा गराइयो, शैतान र उसका मतियारहरू खुशीले उत्सब मनाए किनभने परमेश्वरको पुत्रलाई उहाँको गरिमामय, उच्च र सम्माननीय पदबाट तल झारिनेछ। यस संसारमा आफ्नो योजना सफल भइरहेकोमा शैतान घमण्डले फुलेको थियो। जब येशू कमजोर मानिसको स्वभाव लिएर जन्मनुभयो तब उहाँलाई असफल बनाउन र पतित बनाउन आफू सफल हुनेछ भनेर पनि शैतानले घमण्ड गरेको थियो। मानव जातिलाई मुक्ति दिने योजना असफल बनाउन आफू सफल हुनेछ भन्ने कुरामा शैतान ढुक्क थियो।"-एलेन जी ह्वाइट, *पाट्रियार्क एण्ड प्रोफेटस्,* पृ. ६६बाट रूपान्तरित।

ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्ध बाइबलले कसरी स्पष्टसँग सिकाउँछ भनेर हामीले यस अध्यायमा ख्रीष्टले बनमा सामना गर्नुभएको परिक्षाबाट पत्ता लगाउनेछौं। यो संसार आफ्नो हो भनेर शैतानले दावी गरेको थियो र ख्रीष्टले संसारलाई आफूले जितेर लिन आउनुभएको भन्ने ज्ञान शैतानलाई थाहा थियो। तर यस संसारलाई आफ्नो हातमा फेरि कब्जा गर्ने योजना नै मुक्तिको योजनाको मूल लक्ष्य थियो। येशूको जन्ममा उहाँलाई मार्न असफल भएपछि अर्कै तरिकाबाट मानिसको मुक्तिलाई असफल बनाउन शैतानले प्रयास गरेको थियो। येशूलाई बनमा प्रलोभन तथा परिक्षा गरेर शैतानले त्यो प्रयास कसरी गरे भनेर यस अध्यायमा हामी नियाल्नेछौं।

## १. मानिसहरूलाई उद्धार गर्न इम्मानूयलको आगमन (मत्ती १:२०-२३)

येशूलाई "इम्मानूयल" भनेर उहाँ जन्मनुभन्दा अघि नामाङ्करण गरिएको थियो। त्यसको अर्थ के हो? हेर्नुहोस् मत्ती १:२०-२३ "२० तर जब उनले (योसेफ) यी कुरा विचार गर्दैथिए, सपनामा परमप्रभुका दूत देखा परे, र उनलाई यसो भने, "योसेफ, दाऊदका छोरा, तिम्री पत्नी मरियमलाई स्वीकार गर्न नडराऊ, किनभने जो तिनको गर्भमा हुनुहुन्छ, उहाँ पवित्र आत्माबाट हुनुहुन्छ। २१ तिनले एउटा पुत्र जन्माउनेछिन्, र तिमीले उहाँको नाउँ येशू राख्नेछौ, किनभने उहाँले आफ्ना मानिसहरूलाई तिनीहरूका पापबाट बचाउनुहुनेछ।" २२ अगमवक्ताद्वारा परमप्रभुले बोल्नुभएको वचन पूरा हुनलाई नै यी सबै भएका हुन्: २३ "हेर, एउटा कन्याले गर्भधारण गर्नेछिन्, र त्यसले एउटा पुत्र जन्माउनेछिन्, र उहाँको नाउँ इम्मानुएल राखिनेछ," जसको अर्थ हो, "परमेश्वर हामीहरूसँग।" "हामीहरूसँग रहन" येशू संसारमा किन आउनुभयो?

प्रथमतः आदमबाट गुमिएको राज्य पुन हातमा पार्न उहाँ आउनुभएको थियो (रोमी ५:१२,१५)। जब उहाँले ५ हजारलाई खुवानुभयो र मानव लहरले उनलाई राजा बनाउन उत्साहित भए त्यसबेला शैतानबाट यस संसारको राज्यलाई उहाँको हातमा पार्न सुरिएको घट्नालाई पुलुक्क हेर्दा येशूको राजकिय उद्देष्यलाई देखाउँछ। फेरि येशूलाई पक्रनुभन्दा अघि बालबालिकाहरू पनि होसन्ना भनेर गीत गाउँदा शत्रुहरूबाट मुक्ति दिलाउने येशूतरि लक्षित गरेको थियो। सृष्टिमाथि येशूको शक्ति देखाउँदा पनि यस संसारको सही शासक को हो भनेर देखाइएको थियो। शारीरिक रूपमा टुक्रिएका मानिसहरूलाई उहाँले स्वस्थ बनाउनुहुँदा यस संसारमा दुःख दिने शैतान हो परमेश्वर होइन भनेर प्रमाणित गर्नुभएको थियो। उहाँले जन्मैदेखि अन्धा र १२ बर्षसम्म रक्तश्राबले ग्रष्त भएको महिलालाई निको पार्नुहुँदा येशूको व्यवहारिक करुणाको प्रदर्शन गर्नुभएको थियो। (उहाँले यस संसार दुःखले भरिएको छ भनेर भाषण दिँदै बिरामीहरूलाई केवल करूणा वा सहानुभूतिमात्र देखाउनुभएको थिएन)। हुरी बतास र सामुद्रिक छाललाई बसमा राखेर प्रकृति उहाँको अधिनमा छ भनेर देखाउनुभएको थियो।

दोस्रोमा यस संसारमा न्याय गर्न र शैतानका कामहरूलाई भन्डाफोर गर्न र नाश गर्न येशू आउनुभएको थियो (यूहन्ना ९:३९, १ यूहन्ना ३:८)। कतिपय समयमा दुष्ट र आतङ्ककारीको किन बिजय भइरहेको छ भनेर हामी बिचल्लित भएर सोध्छौं। येशूको जीवनबाट उहाँले अन्यायको मामिलालाई कसरी सम्हाल्नुभयो भनेर देखाउनुभएको थियो। त्यसले यस संसारमा भइरहेको

अमानविय अन्याय र अत्याचार छिट्टै नाश हुनेछ भनेर देखाएको थियो। असुर तथा शैतानका मतियारहरूले पनि तिनीहरूमाथि येशूको शक्ति छ भनेर स्वीकार गरेका थिए। कतिपय समयमा यथार्थमा येशू को हुनुहुन्छ भनेर चिच्याउँथे। उहाँले कुनै कदम चाल्नुभन्दा अघि नै उहाँलाई देख्नेबित्तिकै शैतानका आत्माहरू आतङ्कित हुन्थे। शैतानको आत्माले सताएकाहरूलाई येशूले निको पारेर तिनीहरूलाई शारीरिक तथा मानसिक स्वस्थ र सामान्य बनाउनुभएको थियो। तिनीहरूले असली शान्तिको अनुभव गरेका थिए। अझ अरू त उहाँको सामु त्राही त्राही भनेर भाग्दथे।

तेस्रोमा, हराएकाहरूलाई खोज्न र उद्धार गर्न येशू यस संसारमा आउनुभएको थियो (लूका १९:१०) र तिनीहरूको पापलाई उठाएर लैजान पनि उहाँ आउनुभएको थियो (यूहन्ना १:२९)। उहाँ हामीहरूको स्वरुपमा आउनुभएको थियो ताकि मानवताको कष्टलाई बुझेर उहाँ हाम्रो विश्वासिलो मूल पुजारी होस् र हामीहरूलाई परमेश्वरको स्वरुपमा फेरि ढालियोस् (लूका २:१७)। "येशूले पापको कारोबारलाई सम्हाल्नुभयो, मानिसहरूलाई त्यसबाट उद्धार गर्नुभयो र राहत दिनुभयो, र तिनीहरूलाई अनुग्रह, क्षमा, धार्मिकता दिनुभयो र महिमित गर्नुभयो। मानव उद्धारको निम्ति सुरूदेखि गरिको करारको लक्ष्य येशूमा पूरा भएकोले ती सबै थोक गरिएको थियो।"-एन. टी. राइट, (२००९-०९-०२५) *जस्तिफिकेशनः गड्स प्लान एण्ड पावलस् भिजन,* किन्डल स्थान १४६२-१४६३ः इन्टरभरसिटी प्रेस। किन्डलमा सम्पादित)

तेस्रोमा, परमेश्वरको सही रूप सिकाउन उहाँ आउनुभएको थियो। आफ्नो जीवनबाट र जगतका अचम्मका कामहरूद्वारा परमेश्वरको सही चरित्र देखाउन उहाँ आउनुभएको थियो (यूहन्ना १४:९)।

माथि उल्लेख गरेका बिभिन्न कारणहरूले र तपाईंले नै सोच्नुभएको बिभिन्न कारणहरूले गर्दा ख्रीष्ट आउनुभएको हो भनेर स्वीकार्दा परमेश्वरमा हिंड्ने तपाईंको जीवनलाई कसरी सुधार्दै लाने?

## २. येशूको बप्तिस्मा (मत्ती ३:७-१२)

इस्राएल देशमा बप्तिस्मा दिने यूहन्नाले गर्दा धेरै हल्लीखल्ली भएको हुनुपर्छ। उनी एलिया अगमबक्ता जस्तो देखिन्थे (मत्ती ३:४, २ राजा १:८)। इस्राएलको इतिहासमा ४०० बर्षसम्म कोही पनि अरू अगमबक्ताको अस्तित्व देखा परेको थिएन। परमेश्वर त्यतिको बर्ष मौन रहनुभएको पहिला कहिलै पनि भएको थिएन। अब परमेश्वर फेरि आफ्ना जनहरूसँग बोली रहनुभएको

अनुभव गरिएको थियो। यूहन्नाको आह्वानमा केही न केही ठूलो कुरो हुने छाँट देखिएको थियो।

जन लहरको सामु अचानक बनबाट आएर बोल्ने बप्तिस्मा दिने यूहन्नाको आह्वानमा केही निर्णायक अभिव्यक्तिहरू थिए: परमेश्वरको क्रोध र उहाँको न्यायको बिषयबस्तु, रुखको फेदमा बँचरो राखिने, धान पेल्दा भुस र चामल अलग गरिने र ननिभ्ने आगोमा भुस जलाइने। मसीहको आगमनको परिचय दिँदै उपरोक्त कुराहरू हुनेछन् भनेर यूहन्नाले उनको वचन सुन्न जम्मा हुने मानिसहरूलाई सुनाएका थिए। हेर्नुहोस् मत्ती ३:४-१२ "४ यूहन्नाले ऊँटका रौँको वस्त्र लाउँथे, र कम्मरमा छालाको पटुका बाँध्थे। तिनको खानेकुरा सलह र वन-मह थियो। ५ यरूशलेम र सबै यहूदिया, र यर्दन वरिपरिका इलाकाका सबै मानिसहरू तिनीकहाँ गए, ६ र आफ्ना पाप स्वीकार गर्दै यर्दन नदीमा तिनीबाट बप्तिस्मा लिन लागे।
७ तर फरिसीहरू र सदुकीहरूमध्ये धेरै जनालाई बप्तिस्मा लिन आइरहेका देखेर तिनले उनीहरूलाई भने, "सर्पका बच्चा हो, आउन लागेको क्रोधबाट भाग्न कसले तिमीहरूलाई चेताउनी दियो? ८ यसकारण पश्चात्ताप सुहाउँदो फल फलाओ। ९ अब्राहाम नै हाम्रा पिता हुनुहुन्छ भनी आपसमा भन्ने नगर। किनभने म तिमीहरूलाई भन्दछु, परमेश्वरले यी ढुङ्गाहरूबाट अब्राहामको लागि सन्तान उत्पन्न गर्न सक्नुहुन्छ। १० अहिले नै रूखको फेदमा बन्चरो परिसकेको छ। यसकारण असल फल नफलाउने हरेक रूख काटी ढालिन्छ, र आगोमा फालिन्छ। ११ "मचाहिँ त तिमीहरूलाई पश्चात्तापको लागि पानीले बप्तिस्मा दिन्छु, तर मपछि आउनुहुने मभन्दा अझ शक्तिशाली हुनुहुन्छ, जसका जुत्ता बोक्ने योग्यको म छैनँ। उहाँले तिमीहरूलाई पवित्र आत्मा र आगोले बप्तिस्मा दिनुहुनेछ। १२ उहाँको निफन्ने नाङ्लो उहाँकै हातमा छ, र उहाँले आफ्ना खलालाई पूरै सफा पार्नुहुनेछ, र आफ्नो गहूँ धनसारमा जम्मा गर्नुहुनेछ, तर भुसजति चाहिँ ननिभ्ने आगोमा जलाउनुहुनेछ।"

त्यस बेलाका मानिसहरूले यो सोचेका थिए कि तिनीहरू इतिहासको अन्तिम दिनहरूमा जिइरहेका छन्। तिनीहरूले यूहन्नालाई बनबाट निस्केका देखेका थिए र मानिसहरूलाई यर्दन नदीको पानीमा बप्तिस्मा लिन आह्वान गर्दै थिए। यो केही हदमा प्रस्थानको पुस्तकमा उल्लेखित घट्ना नयाँ जस्तै थियो। सुख्खा नदीमा भन्दा नयाँ प्रतिज्ञा गरिएको देशमा जान पानीले धुएर सफा हुनु जरुरी थियो। अगमवक्ताहरूले गरेका भविष्यवाणी अनुसार मसीह आफै रोमी साम्राज्यको बिरुद्धमा युद्ध गरेर जित्दै यहूदीहरूलाई परमेश्वरको अनन्तको

राज्यमा लानेछन् भनेर तिनीहरूले सोचेका थिए। गोरा देश रोमका शक्तिले दमन भएर बस्नु परेका मध्य एशियाका इस्राएलीहरूले अन्य जातिहरूलाई खतम गरेर यहूदी धर्म राज्य स्थापना मसीहले गर्नुहुनेछ भन्ने आम जनताको धारणा थियो।

तर राजनैतिक अत्याचार र दमनको बिरुद्धमा यूहन्ना र येशूले कुनै अभियान चलाएका थिएनन् न स्वतन्त्र सेनानी भएर बिदेशी शक्तिको खिलाफमा नेतृत्व नै गर्न चाहेका थिए। तिनीहरूले मुक्तिको निम्ति अभियान चलाएका थिए। त्यो मुक्ति मानिसबाट होइन तर पापबाट। यूहन्नाले गरेका कामको व्याख्या लूकाले यशैया अगमबक्ताको पुस्तकबाट उद्‌ध गरेका थिए। प्रतिज्ञा गरिएको देश अर्थात् परमेश्वरको राज्यमा उहाँका जनहरू फर्काउन उहाँले कस्तो बाटो तयार पार्नुहुनेछ भनेर यशैयाले लेखेका थिए। त्यो बिशेष मार्ग तयार गर्नुको कारण अगमबक्ता यर्मियाले पनि उल्लेख गरेका थिए। अन्धा, लङ्गडा, गर्भबती, शिशु भएका आमाहरू सबै जना जो परमेश्वरको राज्यमा पस्न चाहन्छन् तिनीहरू जान सक्षम् बनाउन परमेश्वर तयार गर्नुहुनेछ भन्ने मूल बिषय बस्तु ती अगमबक्ताहरूले उल्लेख गरेका थिए (यर्मिया ३१:७-९)। त्यसैकारण मानिसहरू यूहन्नाकहाँ झुम्मिएका थिए। छिट्टै आउनेवाला परमेश्वरको महान् दिनको निम्ति तिनीहरू पनि तयार हुनेछ भन्ने आश्वासनले तिनीहरू अभिप्रेरित भएका थिए।

दिन त आयो तर मानिसहरूले अपेक्षा नगरेको अनुसार। तत्कालिन परमेश्वरको राज्यको परिभाषा तिनीहरूलाई नबताइएको त थिएन तर बाइबल धर्मशास्त्र अर्थात् पूरानो कराररले भन्न खोजेको अर्थलाई तिनीहरूले बुझ्न सकेको थिएन (हेर्नुहोस येशूले नबुझ्ने चेलाहरूलाई सम्झाउनुभएको लूका २४:२५-२७मा "२५ उहाँले तिनीहरूलाई भन्नुभयो, “ए अबूझ (वा मूर्ख) मानिस हो, तिमीहरूका हृदय यति सुस्त भएको छ, कि अगमवक्ताहरूले भनेका कुराहरू विश्वास गर्दैनौ! २६ के ख्रीष्टले यी कष्टहरू भोग्नु र आफ्नो महिमामा प्रवेश गर्नु आवश्यक थिएन र?” २७ तब मोशा र सबै अगमवक्ताहरूबाट सुरु गरेर उहाँले धर्मशास्त्रमा आफ्नो विषयमा लेखिएका कुराहरूको अर्थ तिनीहरूलाई खोलिदिनुभयो।"

भित्रैदेखि ठीक छु वा धर्मी छु भन्ने यहूदी भक्तहरूमा प्रभुको पहिलो आगमनको बारेमा गहिरोसँग बुझ्न सकेका थिएनन्। त्यसरी नै परमेश्वरलाई बिश्वास गर्छु भन्ने र आफ्नो आत्मनिर्णयले पहिल्याएको अनुसार असल बाटोमा

हिँडिरहने अन्तिम दिनका भक्त जनहरू पनि दोस्रो आगमनलाई गलत ढङ्गमा नलिन कसरी सतर्क हुने?

## ३. पत्थरहरूलाई रोटीमा परिणत गर्न चुनौती (मत्ती ४:१-३)

मत्ती ४:१-४मा ख्रीष्ट र शैतानको बीचमा मुखामुख महान् बैचारिक युद्ध भइरहेको पाउँछौं। त्यहाँ ती युद्ध कसरी र किन भइरहेको छ सो ध्यानपूर्वक पढ्नुहोस् "१ तब दियाबलसद्वारा परीक्षा गरिनलाई पवित्र आत्माद्वारा येशू उजाड-स्थानमा लगिनुभयो। २ उहाँ चालीस दिन र चालीस रातसम्म उपवास बसिसकेपछि भोकाउनुभयो। ३ तब परीक्षा गर्नेले उहाँकहाँ आएर भन्यो, "तपाईं परमेश्‍वरका पुत्र हुनुहुन्छ भने यी ढुङ्गाहरूलाई रोटी होऊन् भनी आज्ञा दिनुहोस्।" ४ तर येशूले जवाफ दिनुभयो, "लेखिएको छ, 'मानिस रोटीले मात्र होइन, तर परमेश्‍वरको मुखबाट निस्केको हरेक वचनले जीवित रहँदछ'।"

"शैतानको हातबाट परिक्षा लिन येशू बनमा लगिनुहुँदा परमेश्‍वरको आत्माले नै उनलाई अगुवाई गरेर लगिएको थियो। येशू आफैले त्यो परिक्षा वा प्रलोभन निम्त्याउनुभएको थिएन। खास गरेर उहाँ बनमा एक्लै आफ्नो भावी भविष्यको कामको बारेमा गहिरो ध्यान गर्न जानुभएको थियो। आफ्नो रक्ताम्य यात्राको सामना प्रार्थना र उपबास बसेर तयार हुन जानुभएको थियो। तर शैतानलाई थाहा थियो कि येशू एक्लै बनमा जानुभयो र उहाँलाई आक्रमण गर्ने सुनौलो मोका यही भनेर उसले सोचेको थियो।"-एलेन जी ह्वाइट, द डिजाएर अभ एजेज्, पृ. ११४बाट रूपान्तरित।

येशूले बनमा भोग्नुभएको प्रलोभनको परिक्षा र इस्राएलीहरू मरुभूमीमा यात्रा गरिरहेको अनुभवको तुलना रोचकपूर्ण छ। यूहन्नाद्वारा बप्तिस्मा दिएको लगत्तै येशू बनमा वा मरुभूमी जानुभएको थियो र ४० दिनसम्म उहाँले केही पनि खानु र पिउनुभएन। त्यही तरिकाले इस्राएलीहरू रेड सी वा लाल समुद्र पार गरेर चालिस दिनसम्म मरुभूमीमा पसेका थिए जहाँ तिनीहरूले चाहेको अनुसार खाना थिएन। व्यवस्था ८:२,३मा व्याख्या गरिएको हेर्नुहोस् त "३ उहाँले तिमीहरूलाई नम्र बनाउन भोकले पीडित तुल्याउनुभयो, अनि तिमीहरूलाई मन्न खुवाउनुभयो, जसको बारेमा तिमीहरूलाई र तिमीहरूका पिता-पुर्खाहरूलाई थाहै थिएन। मानिस भोजनले मात्र होइन, तर परमप्रभुको मुखबाट निस्केको प्रत्येक वचनले जिउँछ भन्ने कुरो बुझाउनलाई यसो गर्नुभएको हो। ४ ती चालीस वर्षसम्म तिमीहरूका जीउको लुगा फाटेन, र

तिमीहरूका खुट्टा सुनिएनन्।" (अर्थात् तिमीहरूको प्रभु परमेश्वरले तिमीहरूलाई कहाँसम्मा दोऱ्याउनुभयो सो सम्झ। उहाँले मरुभूमीमा ४० वर्षसम्मा सम्हाल्नुभयो। तिमीहरूको अहंकारलाई उहाँले हटाउन चाहनुभएको थियो। तिमीहरूलाई जाँचेर तिमीहरूको हृदयमा के छ सो खोतल्न चाहनुभएको थियो। उहाँका आज्ञाहरू तिमीहरूले पालन गर्छौ कि गर्दैनौ भनेर उहाँले हेर्नुचाहनुभएको थियो। तिमीहरूको अहंकारलाई उहाँले झार्नुभयो। उहाँले तिमीहरूलाई भोकै राख्नुभयो ताकि तिमीहरूले यो थाहा पाउन् मानिस खानेकुराले मात्र होइन परमेश्वरको वचनले पनि बाँच्नुपर्छ)।

४० दिनको उपबासपछि येशू भोकाउनुभयो भनेर सुसमाचारको कथाले बताउँछ (मत्ती ४:२)। उहाँ भोकाएको मौका छोपी उहाँलाई सल्लाह दिन कोही देखा पर्छन् जसरी अय्यूबका मित्रहरूले अय्यूबलाई सान्त्वना दिन आएका थिए। सङ्कटको समयमा सल्लाह दिन आउने शैतानको नीति यो पहिलो पल्ट थिएन। यहूदीहरू बेबिलोनबाट फर्केपछि यरुशलेम पुननिर्माण भइरहेका बखतमा मूल पुजारीको बारेमा जकरिया ३ले बताउँछ। दर्शनमा जब त्यस मूल पूजारी परमेश्वरको सामु देखा परेका थिए त्यसबेला कोही व्यक्ति उनको दाहिने उभिन्छ। कोही व्यक्ति दाहिने उभिनुको अर्थ बिश्वासिलो मित्र र सुरक्षा दिन र आक्रमण गर्नेबाट बचाउने व्यक्ति भनेर जनाउँछ। तर जकरिया ३ले बताएको अनुसार बिश्वासिलो मित्र जस्तो देखापरेर दाहिनेहाततिर उभिने व्यक्ति शैतान आफै थियो।

बनमा येशूलाई त्यही भएको थियो। जब उहाँलाई सहायता गर्न आउने कथित व्यक्ति को थियो भन्दा उसको यस सल्लाहले जवाफ दिन्छ "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने यी पत्थरहरूलाई रोटी बन्न हुकुम गर्नुहोस्" (मत्ती ४:३)। यदि परमेश्वरबाट आएको स्वर्गदूत भएको भए येशू परमेश्वरको पुत्र हुनुहुन्छ भन्ने कुरामा शङ्का गर्ने थिएन। इस्राएलीहरू बनमा डुलीरहनुपरेो समयलाई सम्झना दिँदै येशूको जवाफ (मत्ती ४:४) हेर्नुहोस् "...मानिस रोटीले मात्र होइन तर परमेश्वरको मुखबाट निस्किएको प्रत्येक बचनले बाँच्दछ।" (व्यवस्था ८:३ रूपान्तरित)।

कसैको परिक्षा वा प्रलोभनमा पर्न नखोज्नु महत्त्वपूर्ण छ। तर तपाईं आफै पनि अरूलाई जानीनजानी फसाइ रहनुभएको छैन भनेर विश्वस्त हुनु कतिको जरुरी छ?

## ४. अर्को परिक्षा (मत्ती ४:५-७)

प्रथम परिक्षा प्रस्थानको पुस्तकसँग गाँसिएको थियो भने दोस्रो परिक्षा वा प्रलोभनको जरो अदनको बगैचामा मानिस पतनभएको मामिलासँग गाँसिएको थियो। भोकले रन्थनिनु भएतापनि शैतानको चिप्लो घस्ने बोलीमा नफसी परमेश्वरको वचनलाई प्राथमिकता दिएर येशूले उसलाई खिस्स पारेको थियो। असल र खराबको ज्ञान दिने रुखको छेऊमा रहेर गुमाइएको जमिन येशूले पुनः पाउनुभएको थियो। तर आदमको समयदेखि मानव जाति परमेश्वरबाट पतन भएर उहाँसँग छुट्टिएको अन्तरलाई जोड्न येशूले अर्को दुई परिक्षाहरूको सामना गर्नुपरेको थियो।

मत्तीको बिवरण अनुसार शैतानले येशूलाई मन्दिरको टुप्पो अर्थात् गजुरमा लगर दोस्रो परिक्षा गर्नुभएको थियो। हुनसक्छ यरुशलेमको पवित्र मन्दिरको त्यस टुप्पोबाट त्यस शहरको दक्षिणपूर्वको कुनामा रहेको गहिरो उपत्यकालाई देखिन सक्थ्यो। येशूलाई हेपेर मजा उठाउँदै शैतानले यो परिक्षा उहाँको सामु तेर्स्याए "यदि तपाईं परमेश्वरको पुत्र हुनुहुन्छ भने...." यसले यो देखाउँछ कि शैतान येशूको मित्र थिएन

यहाँ शैतानले के प्रमाणित गर्न खोजिएको थियो? यदि यदि येशूले उसको कुरा सुनेर उसको चुनौतिलाई स्वीकार गर्नुभयो भने के उहाँले के प्रमाणित गर्न सक्नुहुन्थ्यो? हेर्नुहोस् मत्ती ४:५-७: "५ तब दियाबलसले उहाँलाई पवित्र नगरमा लगेर मन्दिरको शिरमा खड़ा गरायो, ६ र उहाँलाई भन्यो, "तपाईं परमेश्वरका पुत्र हुनुहुन्छ भने, यहाँबाट तल हामफाल्नुहोस्, किनभने यस्तो लेखिएको छ, 'उहाँले आफ्ना दूतहरूको जिम्मामा तिमीलाई दिनुहुनेछ र तिनीहरूले तिमीलाई आफ्ना हात-हातै थाम्नेछन्, नत्रता तिम्रो खुट्टा ढुङ्गामा ठोकिनेछ'।" ७ येशूले त्यसलाई भन्नुभयो, "लेखिएको छ, 'तिमीले परमप्रभु आफ्ना परमेश्वरको परीक्षा नगर्नू'।"

कुनै सस्तो सुरो वा बहादुरी अर्थात् मानिसहरूलाई प्रभावित पार्ने (आफ्नो नाउँ गिनिज बुक अभ वर्ल्ड रेकर्डमा लेखाउने चाहना) काम गरेर देखाउने येशूको चासो थिएन। मानिस वा कुनै जीवलाई प्रभावित पार्ने योजनामा उहाँ आउनुभएको थिएन। स्वर्गको बैभव र यशलाई पूरा त्यागेर यस संसारमा मानव रूप लिएर आउनुहुँदा उहाँ आफ्नो पूर्ण भरोसा परमेश्वरमाथि राख्नुभएको देखाइएको थियो। उहाँले धेरै नराम्रो बेइज्जत सहेर दुःख पाउनुभएको थियो, उहाँलाई नाजयाज र अन्याय गरेर मृत्युको मुखमा पारिएको थियो (फिलिप्पी २:५-८)। त्यो उहाँले स्वइच्छाले रोज्नुभएको थियो र त्यसको निम्ति उहाँ

पूरा तयार हुनुभएको थियो। आदम र उनपछि आएका समस्त मानव प्राणीको पापले गर्दा गुमाइएको संसार आफ्नो हातमा फिर्ता लिन उहाँ आउनुभएको थियो। परमेश्वरले आफ्ना जनहरूसँग गरिएको करार वा सम्झौता येशूद्वारा पूरा गरिनुपर्ने थियो जसले गर्दा मानव जगतले मुक्ति पाउने शुभअवसरमा समाबेश हुनसकुन्।

शैतानको खिस्सी वा चुनौतीलाई येशूले फेरी बाइबलबाट नै उदृध गरेर भन्नुभयो "यसरी लेखिएको छ" इस्राएलीहरू मरुभुमिमा यात्रा गर्दा परमेश्वरले दिनुभएको निर्देशन व्यवस्थाको पुस्तकबाट निकाल्दै भन्नुभयो "तिमीले तिम्रो परमेश्वरलाई परिक्षा नगर्नु (जसरी तिमीले मसाहमा गरेको थियो)" (व्यवस्था ६:१६)। मसाह त्यो ठाउँ थियो जहाँ इस्राएलीहरूले तिर्खाउँदा परमेश्वरलाई घोर गुनासो पोखाएका थिए। मोशाले चट्टानमा आफ्नो लोरो हिर्काएर पानीको मुहान निकालेका थिए। यस कामको मूल्याङ्कन गर्दै मानिसहरूलाई मोशाले यसरी दुखेसो पोखाएका थिए "के परमेश्वर हामीहरूसँग हुनुहुन्छ कि हुनुहुन्न भनेर शङ्का गरेर तिमीहरूले उहाँलाई परिक्षा गर्नुभयो वा रिस उठाउन सघायौ।" (प्रस्थान् १७:७ रूपान्तरित)। "यसरी लेखिएको छ" भनेनर बाइबललाई नै उदृध गरेर शैतानले येशूलाई छल्न खोज्नुभएको थियो (मत्तफ ४:४,६) तर येशू शैतानको धरापमा पर्नुभएन।

जब हामी प्रार्थना गर्छौं तब हामी उहाँको अचम्मको काममा कि उहाँको शक्तिको फाइदा उठाएर उहाँमा भर पर्ने सो थाहा पाउन सधैं सजिलो छैन। के त्यस मामिलामा तपाईं असमञ्जमा पर्नुभएको छ? सोच्नुहोस्।

## ५. शैतान र उसका मतियारहरूको पूजा गर्नु वा तिनीहरूको सामु ढोग्नु (मत्ती ४:८-१०)

**मत्तीको पुस्तकमा येशूले पहिलो सामना गर्नुभएको परिक्षाको केन्द्रबिन्दु भोक मेटाउनुमा थियो। दोस्रो परिक्षा वा प्रलोभन परमेश्वरमा विश्वासको फाइदा उठाउनुमा थियो। तेस्रोचाहीं ख्रीष्ट आफैलाई शैतानले चुनौती दिएको थियो। उहाँको राज्यअधिकार र यस संसारमा उहाँ आउनुको उद्देष्यलाई नै ठाडो चुनौती उहाँले सामना गर्नुभएको थियो।**

बाइबलमा लेखिएका देहायका तिन अंशहरू पढ्नुहोस्। येशूलाई अत्यन्त अल्गो पहाडको चुचुरोमा लगिएको अर्थ के हो? हेर्नुहोस्ः मत्ती ४:८-१० "८ फेरि दियाबलसले उहाँलाई एउटा अल्गो पर्वतमा लगेर संसारका सबै राज्य र तिनको वैभव उहाँलाई देखायो, ९ र उहाँलाई भन्यो, “तपाईंले घोप्टेर

मलाई दण्डवत् गर्नुभयो भने, यी सबै थोक म तपाईंलाई दिनेछु।" १० तब येशूले त्यसलाई भन्नुभयो, "शैतान, तिमी दूर होइजाओ! किनभने लेखिएको छ, 'तिमीले परमप्रभु आफ्ना परमेश्वरलाई दण्डवत् गर्नू, र उहाँको मात्र सेवा गर्नू'।" , व्यवस्था ३४:१-४ "१ त्यसपछि मोशा मोआबको मैदानबाट यरीहोको सामुन्ने भएको नेबो डाँड़ाको पिसगाको टाकुरामा उक्ले। परमप्रभुले तिनलाई समस्त देश देखाउनुभयो– गिलाददेखि दानसम्म, २ समस्त नप्ताली, एफ्राइम र मनश्शेको देश, पश्चिमको समुद्रसम्मको यहूदाको समस्त देश, ३ नेगेव भनिने दक्षिण देश र खजूरका रूखहरू भएको सहर यरीहोको बेंसीदेखि सोअरसम्म। ४ तब परमप्रभुले तिनलाई भन्नुभयो, " 'तिम्रा भावी सन्तानलाई दिनेछु' भनी मैले अब्राहाम, इसहाक र याकूबसित शपथ खाएर प्रतिज्ञा गरेको देश यही हो। मैले तिमीलाई यो तिम्रै आँखाले हेर्न दिएँ, तर तिमी त्यहाँ जान पाउनेछैनौ।" र प्रकाश २१:१० "१० तिनले मलाई पवित्र आत्मामा एउटा ठूलो र उच्च पर्वतमा लगे, र परमेश्वरबाट स्वर्गदेखि तलतिर झरिरहेको पवित्र सहर यरूशलेम मलाई देखाए।"

सब भन्दा अल्गो पहाडको चुचुरोमा लगिएर सारा राष्ट्रहरू येशूलाई देखाउनुको अर्थ उहाँ संसारको रमाइलो दृष्य हेर्न जानुभएको थिएन भनेर बुझ्न सकिन्छ। फेरि यो त्यही पहाड थियो जहाँ मोशाले प्रतिज्ञा गरिएको देश हेर्न पाएका थिए। येशूको चेला यूहन्नाले भविष्यको नयाँ यरुशलेम पनि पहाडबाटै देखेका थिए। त्यसैतरिकाले येशूले बाइबलको समयमा भएको केवल रोमी साम्राज्यमा भएका राष्ट्रहरूमात्र हेर्नुभएको थिएन। शैतानले आफूले सबै राष्ट्रहरू आफूले भ्यायसम्म उज्यालोमा देखाएको थियो। राष्ट्रहरूको सम्पन्नता, बैभव र रमाइला पक्षहरू येशूलाई शैतानले देखाएको थियो। तर ती देशहरूमा भएका अपराध, दुःखकष्ट, अन्याय अत्याचार, आतङ्क र पापको दलदललाई शैतानले लुकाएको थियो।

अनि शैतानले ती सबै आफ्नो हो भनेर स्वीकार्दै सुरो भएर येशूलाई भन्छन् "यी सबै थोक म तपाईंलाई सुम्पनेछु यदि तपाईंले मलाई केवल दण्डवत गरेर मलाई पूजा गर्नुभयो भने।" (मत्ती ४:९ रूपान्तरित)।

परमेश्वरकै स्वरुपमा सृष्टि भएका आदम र हवालाई "तिमीहरू परमेश्वर जस्ता हुनेछौ" भन्ने प्रलोभन देखाएर शैतानले तिनीहरूलाई मूर्ख बनाएको थियो। त्यसै अनुरुप शैतान आफू नै परमेश्वर हुनुहुन्छ र सारा राष्ट्रहरू उसको हो भनेर दावी गरेर येशूलाई फसाउन खोज्नुभएको थियो। यदि येशूले उसको सामु अलिकतिमात्र झुकेर त्वम शरणम भनेर उपासना गर्नुभएको भए ती सबै राष्ट्रहरू

उहाँकै हुने थियो र (उहाँ क्रुसको दुःख सहनुनपर्ने थियो) (लूका ४ः६सँग भजन २ः७,८ तुलना गर्नुहोस्)।

त्यो परिक्षा येशूको निष्ठाको जाँच थियो। मानव प्राणीले आफ्नो आस्था वा निष्ठा पूर्ण रूपमा कसलाई दिने? जब अदनको बगैंचामा शैतानको कुरा सुनेर फल खाँदा आदम र हव्वाले आफ्नो प्रथम् निष्ठा वा बफादारीपना उसलाई दिएका थिए। उनी त्यसको फलस्वरुप पापको महामारी तिनीहरू र तिनीहरूका सम्पूर्ण मानव पिँढीहरूमा फैलिएको थियो। परमेश्वरको सिधा हस्तक्षेप बिना ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बैचारिक युद्ध शैतानको पक्षले जित्ने थियो। समस्त मानव प्राणी र यस संसारमा हुने जीवनले निरन्तरता पाउने थिएन। येशूको सामु राखिएको संसारलाई जोखिममा पार्ने निर्णायक चुनौती अन्त्यन्त ठूलो थियो।

याद गर्नुहोस्, जसरी मिश्रदेशमा सेनापती पोटिफरकी श्रीमतीले युशूफलाई फसाउन भरमग्दुर प्रयास गर्दा अनैतिक अपराधको सामु युशूफ नजिक बसेका थिएन (उत्पत्ति ३९ः११,१२) त्यसरी नै येशूले पनि शैतानसँग मुखामुख सामना गरेर उसलाई हटेर जाऊ भनेर हुकुम दिनुभयो। येशूले देखाउनुभएको आदर्श मार्ग हामी सबैको निम्ति पनि सरल हुनसक्छ।

तिनै परिक्षा वा शैतानले ल्याएका प्रलोभनहरूलाई येशूले पवित्र धर्मशास्त्र बाइबललाई नै प्रयोग गरेर सामना गर्नुभएको थियो। हामीहरूको दैनिक जीवनमा त्यसको अर्थ के हो? जब हामी पनि पापमा फस्न परिक्षा आउँदा वा कुनै प्रलोभनमा फस्न खोज्दा बाइबललाई नै प्रयोग गरेर कसरी बिजयी हुने?

## उपसंहार

थप जानकारीः असल र खराबको बीचमा भइरहेको संघर्षको बारेमा व्याख्या गर्न खोज्ने अनगिन्तियौं लेखकहरू शताब्धीयौंदेखि पाइएका छन्। कतिपय इसाईहरूले ख्रीष्ट र शैतानको बीचमा भइरहेको महान् बिबादको बिषयलाई गहिरिएर हेरिरहेकाछन्। तर एडभेन्टिस्ट चर्चले जस्तो विश्वव्यापी रूपमा त्यो महान् बिबादलाई गहिरिएर अध्ययन गर्दै त्यो धारणाको बिकाश अरू कसैले गरेको छैन। काल्पनिक नभएर साँच्चिकै, शारीरिक, नैतिक, धार्मिक र आत्मिक युद्ध ख्रीष्ट र शैतानको बीचमा चर्किरहेको बिषय एडभेन्टिस्टको चिन्तनको निम्ति अत्यन्त महत्त्वपूर्ण बिषयबस्तु हो। यो अचम्मको छ कि बाइबलभरि देखिएको सबै बिषयहरूमा एउटा बिषय शिखरमा छ जसलाई एक जना इसाईले यसरी

व्याख्या गर्दछन् "ख्रीष्ट र शैतानको बीचमा भएको र भइरहेको जगतव्यापी नै बाइबलको मूल विषयबस्तु हो।" येशूले बनमा पर्नुभएको प्रलोभनको परिक्षा खुला रूपमा कसरी यथार्थ थियो भनेर हामीले यस अध्यायमा हेऱ्यौं। असल र खराबको बीचमा भइरहेको संघर्ष बाइबलमा मात्र नभएर त्यसभन्दा बाहिर पनि भइरहेको हामी पाउँछौं। एक जना प्रख्यात कवी टी. एस. इलिएटले आफ्नो एउटा कवितामा यसरी कोरेका थिए "संसारले फड्को मार्छ र परिवर्तन हुन्छ। तर एउटा कुरा परिवर्तन हुँदैन। मेरो सम्पूर्ण जीवनमा मैले एउटा कुरा भेट्टाएको छुः त्यो हो असल र खराबको बीचमा भइरहेको निरन्तर संघर्ष जारि नै छ।"-द कम्प्लिट पोइमस् एण्ड प्लेज्, १९०९-१९५० (न्युयोर्क हार्टकोर्ट ब्रेस एण्ड कम्पनी, १९५२)। जर्मनको नास्तिक फ्रडरिक निट्शेले यसरी व्यक्त गर्दछन् "एउटा कुरोको निष्कर्ष निकालौं त्यो हो असल र खराबको बिपरित मूल्यको अस्तित्व। यस पृथ्वीमा हजारौं बर्षसम्म त्राही त्राहीकोसाथ असल र खराबको युद्ध समाबेस भइरहेको छ।"-जिनियोलोजी अभ मोरलस् एण्ड इक होम (न्यु योर्कः रान्डम हाउस्, १९६७), पृ. ५२बाट रूपान्तरित। बाइबल र एलेन जी ह्वाइटका पुस्तकहरूले असल र खराबको युद्ध र अनन्त जीवनको मूल्यमान्यतामा के समाबेश भएका छन् सो खुलाएका छन्।

**चिन्तनमननः**

अ. परमेश्वरका प्रतिज्ञाहरूमाथि भर पर्नु र परमेश्वरको शक्तिको फाइदा उठाउनुको बीचमा के अन्तर छ सो सोच्नुहोस्।

आ. बिभिन्न आकारप्रकार, तरिका र रङ्गहरूबाट हामीलाई प्रलोभन तथा परिक्षाहरू आउनसक्छन्। हामी जहाँ छौं त्यहाँ पुग्न ती परिक्षाहरू सुनियोजित रूपमा आइरहेका हुन्छन्। एक जनालाई ल्याइने परिक्षा वा प्रलोभन अर्कोलाई नहुन सक्छ। त्यस बिषयलाई सोच्दा येशू परमेश्वर हामीहरूसित भनेको यथार्तता के हो सो बिचार गर्नुहोस्। उहाँद्वारा नै सबै थोक सको बनिएको थियो (यूहन्ना १:३)। त्यस परिप्रेक्ष्यमा हामीहरूको निम्ति परमेश्वर त्यस्तो आततायी संघर्ष किन गर्नुभयो सोच्नुहोस्। यस सत्यलाई मध्यनजरमा राख्दा कुनै अरू कुरो महत्त्वको छ र?